जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



**हार्दिक शुभकामना**

आराध्यदेव महादेवको व्रतमध्ये सर्वोत्तम मानिएको महाशिवरात्रिका अवसरमा सम्पूर्ण श्रद्धालु भक्तजन, पाठक, शुभेच्छुक, शुभचिन्तक तथा ग्राहकवर्गप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर
जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम



वर्ष २६ • अंक २७२ • २०८१ साल फाल्गुन १४ गते बुधबार (26 February, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## रजिष्ट्रार ठाकुरको पक्षमा अन्तरिम आदेश

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश कृषि विश्वविद्यालयका रजिष्ट्रार भगवान ठाकुरको अधिकार खोस्ने प्रदेश सरकारको निर्णयलाई उच्च अदालत जनकपुरधामले निष्क्रिय बनाइ दिएको छ ।

विश्वविद्यालयको ऐन अनुसार आर्थिक कारोबार रजिष्ट्रार र आर्थिक प्रशासन प्रमुखको संयुक्त हस्ताक्षरबाट हुने प्रावधान विपरीत शिक्षा सचिव महेन्द्र महतोलाई दिएको जिम्मेवारी समेतलाई निस्तेज बनाइएको छ ।

उच्च अदालतका न्यायाधीशद्वय नरिश्वर भण्डारी र ओमप्रसाद अर्यालको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिँदै कामकाजमा अवरोध नगर्न आदेश दिएको छ ।

रजिष्ट्रार र उपकुलपतिलाई हटाउन मुख्यमन्त्री सतीशकुमार सिंह सक्रृय रहेका छन् । छानबिन समिति गठन गरी राजीनामा दिन दबाब दिँदै आएका सिंहका लागि अदालतको अन्तरिम आदेश अप्रत्याशित भएको छ ।

मधेश कृषि विश्वविद्यालयलाई सरकारले चालु आर्थिक वर्षका लागि १० लाख मात्र बजेट बिनियोजन गरेको र विद्यार्थी भर्ना, आर्थिक कारोबारमा समेत रोक लगाएकाले प्राध्यापक र कर्मचारीहरु भण्डै ८ महिनादेखि तलब सुबिधा पाएका छैनन् ।

उपकुलपति र रजिष्ट्रारमाथि राजीनामा दिन दबाबका लागि प्रदेश सरकारले गठन गरेको छानबिन समितिले उनीहरुलाई दोषी ठहर गरेको छैन ।

### जसपा नेपाल र जनमतका अध्यक्ष यूएइमा

# मोटो चन्दा आउने प्रवास तर्फ दलहरु संगठन विस्तारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी( जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादव यूएइ( दुबइ) मा मधेशी एकता समाजको कार्यक्रममा सहभागी भएर स्वदेश फर्केका छन् । जनमत पार्टीका अध्यक्ष सी.के.राउत दुबइमा नै छन् ।

जसपा नेपालका अध्यक्ष यादव मधेशी एकता समाज मार्फत दुबइमा स्थापित हुने प्रयासमा छन् । नेपालमा प्रवास विभाग बनाएको जसपा नेपालको विदेशमा संगठन छैन । अध्यक्ष यादवले हालै प्रवास विभाग अन्तर्गत नेपाली मधेशीहरु कार्यरत्त रहेका विभिन्न देशको जिम्मेवारी नेताहरुलाई दिएका छन् । जसपा नेपालको प्रवास विभाग प्रमुख सुरेश मण्डल रहेका छन् ।

मधेशी एकता समाजको बिभिन्न देशमा संगठन रहेको छ ।त्यसका अन्तराष्ट्रिय अध्यक्ष डा. रविन्द्र यादव हुन् । उनी जसपा नेपालसित निकट मानिन्छ । जसपा नेपालले मधेशी एकता समाजको मार्फत पार्टीको संगठन विस्तारमा लागेको छ ।

जसपा नेपालका अध्यक्ष यादव सोमबार राति स्वदेश फर्केको महासचिव रामकुमार शर्माले बताएका छन् । 'प्रवासमा संगठन विस्तारका लागि अध्यक्ष यादवको भ्रमण केन्द्रित रहेको थियो' उनले भने, नेपालीहरु रहेका हरेक देशमा जसपा नेपालको संगठन विस्तार गरिने छ ।

मधेश केन्द्रित दलहरु मध्ये विदेशमा नेपालीहरु माझ जनमत पार्टी बढी लोकप्रिय छ । जनमत पार्टीको विदेशमा गैर आवासीय मधेशी संघ(एनएमआर) संगठन रहेको छ । स्रोतहरुका अनुसार दुबइबाट मात्र जनमत पार्टीलाई महिनाको १४ लाख रुपैयाँ चन्दा प्राप्त हुने गरेको छ ।

कामका लागि विदेशिएका नेपालीहरुकै कारण गत आम निर्वाचनमा जनमत पार्टीले मधेशका जिल्लाहरुमा सर्वाधिक समानुपातिक मत प्राप्त गरेको बताइन्छ । जनमत पार्टीका अध्यक्ष डा.राउत संगठनलाई सकृय बनाइ राख्न विदेश भ्रमण गरिरहेका हुन्छन् ।

जनमत पार्टीका प्रवक्ता डा.शरद यादवले धेरै देशमा एनआरएमको संगठन रहेको बताए । 'अध्यक्ष राउत एनआरएमकै होली मिलन समारोह र कार्यकर्ताहरुसित भेटका लागि यूएइ जानुभएको छ 'उनले भने, शनिबार दुबइ पुग्नु भएको उहाँ सोमबार स्वदेश फर्किने कार्यक्रम रहेको छ ।



जसपा नेपालका अध्यक्ष यादव पनि होली मिलन समारोह कार्यक्रमकै लागि त्यहाँ पुगेका थिए । यादवको आगमनले दुबइमा जसपा नेपालसित धेरै युवाहरु जोडिएको धर्मेन्द्र यादवले बताए ।



'नेपालमा जनमत पार्टीले अपेक्षाकृत कार्य गर्न सकेको छैन' उनले भने, त्यसकारण विदेशमा जनमत पार्टीबाट युवाहरु विमुख हुन थालेका छन् ।

दुबइमा अध्यक्ष यादव सहभागी कार्यक्रममा उल्लेख्य सहभागिता रहेको थियो । जसपा नेपाललाई सबै प्रकारको सहयोग गर्ने वातावरण बनेको कार्यक्रममा सहभागी सुरेश यादवले बताए । उनी एकता समाजका महासचिव समेत छन् ।

अध्यक्ष यादव दुबइमा हुँदै अध्यक्ष डा. राउत त्यहाँ पुगेका थिए । एनआरएमले आयोजना गरेको होली मिलन समारोह र सांस्कृतिक कार्यक्रममा डा.राउत हरेक वर्ष जाने गरेको प्रवक्ता यादवले बताए ।

अध्यक्ष यादवको कार्यक्रमको प्रभावलाई कम गर्न अध्यक्ष राउतले बढी नै सकृयता देखाएका छन् । प्रवासमा रहेको जनमत पार्टीको प्रभावलाई कम हुन नदिन उनी सकृय भएको दुबइका मधेशीहरुले बताएका छन् । विगतमा राउतको एकल वर्चस्व रहेको थियो । तर यस पटकदेखि विभाजित भएको छ ।

मधेश प्रदेशमा जसपा नेपाल र जनमत पार्टी एकअर्काको कट्टर प्रतिद्वन्दी मानिन्छ । मधेशमा बलियो संगठन जसपा नेपालको रहे पनि विदेशमा जनमतको बलियो आधार छ । भारी आर्थिक सहयोग र सबल समर्थन पाउने गरेको जनमत पार्टीलाई प्रवासमा धक्का दिने जसपा नेपालको रणनीति रहेको बताइन्छ ।

'स्वदेश र विदेशमा संगठन विस्तारको अभियान चलिरहेको छ' महासचिव शर्माले भने, कुनै पार्टीको वर्चस्व घटाउन नभइ आफ्नो संगठन बनाउनमा हामी केन्द्रित छौं ।

प्रवासको कारण मधेश प्रदेशमा जसपा नेपालको क्षति भएको कयौं नेताहरुको स्वीकारोक्ति छ । विदेशमा संगठन बनाउन सके जनमत पार्टीलाई धक्का लाग्ने उनीहरुको विश्वास छ ।

जसपा नेपाल र जनमत पार्टीको प्रतिष्पर्धा अब विदेशमा पनि हुनेछ । जनमत पार्टीका लागि ठूलो आर्थिक स्रोत रहेको प्रवासमा जसपा नेपालले पहुँच बनाए स्रोत बाँडिने बताइन्छ ।







# एसपी घिमिरेको १ निर्देशनमा रौतहटबासिको लाखौं रुपैयाँ जोगिँदै

**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख एसपी दिलिप घिमिरेको एउटा निर्देशनबाट रौतहट बासिको लाखौँ रुपैयाँ जोगिएको देखिएको छ। एसपी घिमिरेले १ महिना अघि गरीब बिपन्नको लागी निःशुल्क ठाडो निबेदन उजुरी लेखिदिन प्रहरीलाई निर्देशन दिएका थिए ।



गत माघ १२ गते जिल्लास्थित सम्पूर्ण प्रहरी कार्यालयहरुका प्रमुखलाई गरिब बिपन्नको लागी निःशुल्क निवेदनको व्यवस्था गरिदिन एसपी घिमिरेले निर्देशन दिएका थिए। रौतहटस्थित जिल्ला प्रहरी कार्यालय लगायत मातहतका सम्पूर्ण प्रहरी इकाई कार्यालयहरुमा गरिब विपन्नको लागि निःशुल्क निवेदन लेखिने व्यवस्था गरेको मात्र १ महिनाको अवधिमा जिल्ला भरीमा ४२६ जना लाभान्वित भएको एसपी घिमिरेले बताएका छन् ।

ईलाका प्रहरी कार्यालय चन्द्रिगाहपुरमा ९१ , ईलाका प्रहरी कार्यालय गरुडामा ५५ जिल्ला प्रहरी कार्यालयमा २९ , ईलाका प्रहरी कार्यालय मौलापुरमा २० लगायत जिल्लाका सम्पूर्ण प्रहरी कार्यालयमा प्रहरीले कुल २३४ जना पीडितको निःशुल्क निबेदन लेखेको र प्रहरीले निःशुल्क दिएको फर्मेटमा १९२ जना निवेदक स्वयंले लेखेको एसपी घिमिरेले जानकारी दिएका छन् ।

ईलाका प्रहरी कार्यालय कटहरियालगायत जिल्लाको प्रायः सबै जसो थानाचौकी आसपास केही ब्यक्तिले सानो सानो दुई लाईनको निवेदन ठाडो उजुरी लेखेको बापत गरिब विपन्न पीडितसँग ३०० रूपैयाँ देखि ७०० सम्म लिने गरेका थिए ।

यसरी सरदर ५०० रुपैयाँको दरले १ महिनाको निबेदन लेखाई बापत रौतहट बासिको २ लाख १३ हजार रुपैयाँ एसपी घिमिरेको एउटै निर्देशनले जोगिएको देखिएको छ। यसैलाई आधार मानेर १ बर्षको हिसाब गर्दा प्रहरीको निबेदन लेखाई बाट मात्र जिल्ला बासिको २५ लाख रुपैयाँ भन्दा बढी जोगिन्छ ।

सानो सानो ठाडो उजुरी निबेदन लेख्न जिल्लाबासीको ठूलो रकम अनावश्यक खर्च भइरहेको भन्दै रौतहटका बरिष्ठ पत्रकार तथा टुडेकर्मी सञ्जय मिश्राले आफ्नो आईडी बाट गत माघ १० गते सामाजिक सञ्जाल फेसबुकमा शून्य सहनशीलता का एसपी दिलीप घिमिरेको ध्यानाकर्षण गराएका थिए ।

यसलगत्तै एसपी घिमिरेले उनलाई फोन गरेर उक्त गुनासो प्रति गम्भीर ध्यानाआकर्षण भएको बताउदै गत माघ १२ गतेदेखि नै निःशुल्क निवेदनको व्यवस्था सुरु गरिएको जानकारी दिएका थिए।

जिल्ला प्रहरी कार्यालय रौतहटका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसादका अनुसार एसपी घिमिरेको निर्देशनमा ठाडो उजुरी निबेदनको लागी एउटा फर्मेटको ढाँचा तयार गरेर गत माघ ११ गते राती जिल्लाको सम्पूर्ण प्रहरी कार्यालयहरुमा पठाईएको थियो । सोही फर्मेट प्रिन्ट गराएर प्रहरीले पीडितलाई दिन्छ, पढेलेखेका भएमा आफै भरेर बुझाउँछ, नभए उक्त फर्मेट प्रहरीले नै भरेर दिन्छ। फर्मेट ठाडो उजुरी निवेदन सरह हुने इन्स्पेक्टर उमाशंकरप्रसादले जानकारी दिएका थिए।

यसरी लेखिने निवेदनकै आधारमा प्रहरीले प्रारम्भिक कार्वाही गरिरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

अब रौतहटको सम्पूर्ण प्रहरी कार्यालयहरुमा प्रहरी स्वयंले निःशुल्क निबेदन लेख्न थालेपछी दर्जनौ लेखनादाशको पसल बन्द भएको छ।

यस पहलको जिल्लाका केही निबेदन लेख्नेले एसपी घिमिरे सँगै पत्रकार मिश्राको गुनासो गरेका थिए भने हजारौं जिल्लाबासी खुलेरै सराहना गरेका थिए।

# दुबइमा होली मिलन समारोह सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशी एकता समाज यूएइले आइतबार दुबईको बरदुबईस्थित क्लब क्७ मा भव्य होली मिलन तथा सांस्कृतिक समारोहको आयोजना गर्यो। समारोहमा ७०० भन्दा बढी मधेशी समुदायका सदस्यहरूको उपस्थिति थियो ।



समाजका यूएई अध्यक्ष रोशन मार्क्सिस्टको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व उपप्रधानमन्त्री तथा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव प्रमुख अतिथिका रूपमा थिए। कार्यक्रममा आबुधाबीस्थित नेपाली दूतावासका राजदूत तेज बहादुर क्षेत्री, मधेशी एकता समाजका संस्थापक तथा अन्तर्राष्ट्रिय अध्यक्ष डा. रबिन्द्र कुमार यादव, दूतावासका तृतीय सचिव बिमलेश मिश्र, श्रम सहचारी पंकज लावकर्ण, मधेशी एकता समाज नेपालका संयोजक डा. बबी सिंह यादव, अन्तर्राष्ट्रिय समितिका महासचिव मुकेश झा, एनआरएनए यूएईका महासचिव भुवन कुमार वाग्ले, नेपाल जनप्रगतिशील मञ्च यूएईका अध्यक्ष लक्ष्मण खनाल, नेपाल पत्रकार महासंघ यूएईका अध्यक्ष मेघराज सापकोटा, कायकल्प टिभी/च्यानलका कृष्ण कुमार दुलाल, नेपाल विश्वकर्मा समाजका अध्यक्ष गगन बीके, कोच राजवंशी प्रवासी समाजका शोभा राजवंशी र सावित्री राजवंशी लगायतको उपस्थिति थियो ।

महासचिव सुरेश यादव र सह-अध्यक्ष/प्रवक्ता शैलेन्द्र रायले उद्घाटन समारोहको संचालन गरे भने सांस्कृतिक कार्यक्रमको संचालन भोला पासवान र मनोज परदेशीले गरे। कार्यक्रममा स्वागत मन्तव्य यूएईमा नर्सको रूपमा कार्यरत चर्चित टिकटक स्टार सुगम शर्माले राखेकी थिइन् ।

समारोहमा सांस्कृतिक नाचगान, होली गीत, जोगिरा गायन र विभिन्न परिकारको व्यवस्था गरिएको थियो। नेपालबाट आएका चर्चित कलाकार रविराज साह र शोभा पासवानले आफ्नो प्रस्तुतिले दर्शकलाई मनोरञ्जित तुल्याए। स्थानीय कलाकार भोला पासवान, ईशा, अनाया, भिरु यादव, स्लोन्ली एन्जल र नेपाली बोइज ग्रुपले पनि आकर्षक प्रस्तुति दिए ।

उद्घाटन सत्रमा उपेन्द्र यादव, तेज बहादुर क्षेत्री र डा. रबिन्द्र कुमार यादवले आफ्नो मन्तव्य राखे। डा. यादवले संयुक्त राष्ट्र संघको अल्पसंख्यक फोरममा आफ्नो सहभागिता, काठमाडौंमा मधेशका सबै दलबीच मधेशको विषयमा अन्तरक्रिया, समाजको जापान, युरोपियन युनियन र अमेरिका लगायतका देशहरूमा विस्तार, मधेशमा शिक्षाको स्तर उन्नति, मधेशबाट हुने श्रम आप्रवासनलाई कम जोखिमपूर्ण बनाउन र श्रमिकलाई सीपमूलक तालिम दिई विप्रेषणको गुणस्तर कायम गर्ने जस्ता कार्यमा मधेशी एकता समाजले सकारात्मक परिवर्तनको प्रयास गरिरहेको बताए। श्रमिकहरूलाई विदेशमा समस्या पर्दा उद्धार गर्ने, मद्दत गर्ने, मधेशमा प्राकृतिक विपत्तिको बेला सहयोग गर्ने, मधेश आन्दोलनका शहीद परिवारलाई सहयोग गर्ने, मधेश मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न मद्दत गर्ने जस्ता कार्यमा समेत संस्था क्रियाशील रहेको उनले जानकारी दिए ।

समारोहमा यूएईमा भूउपग्रहको सफ्टवेयर डिजाइन गर्ने मुकेश झा, मिसाइल डिजाइनमा कार्यरत इन्जिनियर दीपक कुमार यादव, दुबईमा कारखाना स्थापना गर्ने पहिलो मधेशी विनेश यादव र अन्य मधेशी उद्यमीहरू गणेश पूर्वे र जीवछ साहलाई सम्मान गरिएको थियो ।

नेपालमा होली मार्च १४ मा भए पनि रमजानको पवित्र महिना फेब्रुअरी २८ देखि मार्च ३० सम्म चल्ने भएकाले दुबईमा होली समारोह रमजान अगावै फेब्रुअरी २३ तारिखमा आयोजना गरिएको थियो ।

# चोरीको १२ मोटरसाइकल बरामद



**टुडे समाचारदाता**

रौतहट । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले १२ दिनमा चोरीको १२ मोटरसाईकल बरामद गरेको छ ।

रौतहटका एसपी दिलीप घिमिरेको निर्देशनमा प्रहरीले जिल्लाको विभिन्न स्थानमा राखेको चेक प्वाइन्टमा चेकजाँचको क्रममा कागजपत्र नभएको उक्त मोटरसाइकल बरामद गरेको हो ।

यसै महिनाको गत १ गते देखी हिजो सोमवार १२ गते सम्म जिल्लाको बिभिन्न स्थानबाट आवशयक कागजात नभएको बिभिन्न कम्पनीको १२ मोटरसाईकल बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताएका छन् ।

कागजात नभएका १२ वटा मोटरसाइकलको कुल ९ लाख ६० हजार मूल्यांकन गरी आज मंगलवार गौर भन्सार कार्यालयमा बुझाएको प्रहरीको सूचनामा उल्लेख गरिएको छ ।

एसपी घिमिरेको निर्देशनमा रौतहट स्थित प्रहरीले चोरीको कागजपत्र नभएको मोटरसाईकल नियन्त्रण गर्ने अभियान नै सञ्चालन गरेको छ । अभियान अन्तर्गत प्रहरीले दर्जनौं मोटरसाईकल बरामद गरी यस अघी भन्सारमा बुझाएको छ ।

# स्वर्गीय महेन्द्रनारायण निधिको स्मरण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली काँग्रेसका नेता डा. शशांक कोइरालाले स्वदेशमै युवाहरूलाई रोजगारीका लागि वातावरण सिर्जना गर्नका लागि सरकारलाई आग्रह गरेका छन् ।




जनकपुरधाममा मंगलबार कांग्रेसका नेता डा. कोइरालाले नेपालको कृषि क्षेत्रको पोटेन्सियल र यसका सम्भावनाहरूलाई विशेष रुपमा उल्लेख गर्दै सही उपयोग गर्न सकिएमा देशको अर्थतन्त्रलाई बलियो बनाउन सकिने जोड दिए ।

महेन्द्रनारायण निधिको १०४औं जन्म जयन्तीको अवसरमा जनकपुरधाममा आयोजित कार्यक्रममा बोल्दै डा. कोइरालाले नेपालको १७ लाख हेक्टर कृषि योग्य भूमि रहेको जानकारी दिँदै यसलाई प्रभावकारी रूपमा उपयोग गर्न सकिएमा ४० करोड जनसंख्यालाई खाद्यान्न आपूर्ति गर्न सकिने बताए ।

उनले काँग्रेसको नेतृत्वको महत्व पनि उल्लेख गर्दै पार्टीले शिक्षा, स्वास्थ्य, सञ्चार र सडक पूर्वाधारको क्षेत्रमा धेरै सुधार ल्याएको उल्लेख गरे । उनले महामानव महेन्द्रनारायण निधिको संघर्ष र त्यागको महत्व युवा पुस्तामा बुझाउन आवश्यक रहेकोसमेत बताए ।

डा. कोइरालाले भने, ‘ आजको दिनमा हामीले युवा शक्ति र श्रमको सदुपयोग गरी मुलुकलाई समृद्ध बनाउनको लागि ठूलो चुनौतीको सामना गर्दैछौं ।’ उनले युवा पुस्तालाई स्वदेशमा नै भविष्य निर्माण गर्नका लागि प्रेरित गर्दै शिक्षा र रोजगारीका अवसरहरूको सृजनामा काँग्रेसको भूमिका महत्वपूर्ण रहेको बताए ।

सो कार्यक्रममा काँग्रेसका केन्द्रीय सदस्य डा. चन्द्रमोहन यादवले स्वर्गीय महेन्द्रनारायण निधिको योगदानको कदर गर्नुपर्ने बताए । उनले भने, ‘गान्धीवादी नेता महेन्द्रनारायण निधिको नेपालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण योगदान थियो । त्यसको प्रभाव आज पनि महसुस भइरहेको छ ।’

स्वर्गीय महेन्द्रनारायण निधिको संघर्ष र त्यागलाई सम्मान गर्दै उनका विचार र योगदानलाई सम्मानित गर्दै आगामी दिनहरूमा नेपालको समृद्धिको लागि युवा शक्ति र काँग्रेसको नेतृत्वको संयुक्त प्रयासको आवश्यकता रहेको वक्ताहरुले धारणा राखेका थिए ।

# डा. आकुराद्वारा गौर आँखा अस्पतालको अनुगमन



**टुडे जमाचारदाता**

रौतहट । नेपाल नेत्र ज्योती संघ गौर आँखा अस्पताल पुरेनवाका संस्थापक तथा स्थापना गर्न महत्वपूर्ण योगदान दिएका आवोका जापानका डाक्टर जुन्सुके आकुरा अस्पतालको अनुगमन गरेका छन् ।

डा.आकुरा लामो समय पश्चात् पुरेनवा आँखा अस्पतालको मंगलवार अकस्मात अनुगमन गरेका हुन् ।

अनुगमनको क्रममा अस्पताल परीवार उहाँहरुप्रति आभार प्रकट गर्दै नेत्र ज्योति संघ रौतहटको सभापतिमा विजय कुमार सिंह लगायतका आँखा अस्पतालका डाक्टर तथा पदाधिकारीले टिका माला लगाई खाँदा ओढाएर सम्मान सहित स्वागत गरेका थिए ।

तत्कालीन समाकल्याण मन्त्री स्व. शेख इद्रिस र नेपाल नेत्रज्योति संघ केन्द्रिय कार्यालयको पहल र डाक्टर कमल बहादुर खडकाको सक्रियतामा नेपाल सरकारबाट २ बिगाहा डेढ कठा जग्गा प्राप्त गरी आँखा अस्पतालको स्थापना गरिएको थियो ।

जापानी दातृसंस्था आओका र २४आवर टेलिभिजन को आर्थिक सहयोगमा भवन निर्माण पश्चात बि.सं. २०५४ पौष १६ गते तत्कालीन स्वास्थ राज्यमन्त्री ब्रजकिशोर सिंहबाट बिधिवत रुपमा उदघाटन भएर संचालन हुँदै आएको छ । सन् २००६ अगष्ट महिनादेखि कुनै पनि दातृनिकायको सहयोग नरहेको अस्पतालका लेखा अधिकृत पवन न्यौपानेले बताएका छन् ।

आँखा अस्पताल गौर पुरेनवा स्थापना कालदेखि सन २०२४ डिसेम्बर मसान्त सम्म कुल १ लाख, १९ हजार २४२ जना बिरामीको सफलतापूर्वक आँखाको अपरेशन गरेको अधिकृत न्यौपानेले जानकारी दिएका छन् ।

गौर आँखा अस्पताल पुरेनवा तराई मधेश देखी भारतसम्म निकै लोकप्रिय रहेको छ । उक्त अस्पतालमा तराई मधेशका साथै आँखा सम्बन्धी रोगको उपचार तथा मोतिबिन्दु रोगको अपरेसन गराउन भारतको बिहार देखी उत्तरप्रदेशको बिरामीहरू आउने गर्दछन् ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | कार्यक्षेत्रमा लाभका अवसरहरु प्राप्त हुनेछन्। |
| वृष : | एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ। |
| मिथुन : | तपाईको कार्य समितिमा सुधार हुनेछ। |
| कर्कट : | कार्यक्षेत्रमा व्यवधान आउन सक्छ। |
| सिंह : | प्रतिकुल समय अनुकूल बन्दै जानेछ। |
| कन्या : | तपाईको इच्छाको मान राखिनेछ। |
| तुला : | शुभचिन्तकहरुको सहयोगले रोकिएको कार्य हुनेछ। |
| वृश्चिक : | चुनौतीको समाना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। |
| धनु : | आफन्तहरुसंग बसेर भविष्यको लागि दीर्घकालिन योजनाहरु बन्नेछन्। |
| मकर : | लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ। |
| कुम्भ : | मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ। |
| मीन : | आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महाशिवरात्रि पूजाका लागि सजावट गरिएको महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा अवस्थित **बाबा जलेश्वरनाथ महादेवको मन्दिर** । *तस्बिरः रासस*

# एक खर्ब चार अर्बको पेट्रोलियम पदार्थको आयात

वीरगञ्ज । चालु आर्थिक वर्षको सात महिनामा वीरगञ्ज नाका हुँदै रु एक खर्ब चार अर्ब ७६ करोड मूल्य बराबरको बराबरको डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्वाइन फ्युल (एटिएफ), मट्टितेल आयात भएको छ।

गत आवको सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु ८४ करोड बढीको पेट्रोलियम पदार्थ आयात भएको हो । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आवको पछिल्ला महिनामा पेट्रोलियम पदार्थको आयात र राजस्व दुवैमा वृद्धि भएको बताउनुभयो।

“पूर्वाधार निर्माणको सिजन सुरु भएकाले पनि पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको हो”, उहाँले भन्नुभयो । गत आवको सात महिनाको अवधिमा भने रु एक खर्ब तीन अर्ब ९२ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थको



आयात भएको थियो।

कार्यालयका अनुसार चालु आवको सात महिनाको अवधिमा सबैखालका पेट्रोलियम पदार्थको आयातबाट रु ४३ अर्ब ११ करोड राजस्व सङ्कलन भएको छ। जबकी गत आवको सोही अवधिमा सबैखालको पेट्रोलियम पदार्थको आयातबाट रु ३८ अर्ब ६५ करोड राजस्व सङ्कलन भएको थियो।

चालु आवको सात महिनामा रु ५१ अर्ब ७९ करोड बराबरको पाँच लाख ८१ सात सय ९९ किलोलिटर डिजेल आयातबाट रु २३ अर्ब १० करोड राजस्व सङ्कलन भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

त्यस्तै चालु आवको सात महिनामा रु २२ अर्ब १४ करोड मूल्य बराबरको दुई लाख ५५ हजार पाँच सय ४२ किलोलिटर पेट्रोल आयात हुँदा रु १४ अर्ब ४९ करोड राजस्व सङ्कलन भएको छ।

चालु आवको सात महिनाको अवधिमा रु २० अर्ब ९० करोड मूल्य बराबरको १८ करोड २ ९ लाख ९४ हजार छ सय २४ किलोग्राम एलपिजी आयात भएको छ। सो आयात हुँदा रु तीन अर्ब ९१ करोड राजस्व सङ्कलन भएको छ।रासस

# मधेशका किसान समूहलाई दुई अर्ब अनुदान दिइने




महोत्तरी । मधेशका पशुपक्षीपालन गर्ने किसानले अनुदान पाउने भएका छन्। कृषि तथा पशुपक्षी विकास मन्त्रालयको बर्दिबासस्थित आर्थिक करिडोर आयोजना कार्यालयले मधेशका एक सय ७९ किसान समूहलाई दुई अर्ब अनुदान उपलब्ध गराउने प्रकृया अन्तिम चरणमा पुगेको जनाएको छ।

विश्व बैङ्कको आर्थिक सहयोगमा सञ्चालित यस कार्यक्रमले किसानलाई व्यावसायिक कृषि र उत्पादनमुखी कार्यमा अभिप्रेरित गर्ने उद्देश्यले अनुदान दिन लागिएको कार्यालय प्रमुख सुरेन्द्र यादवले जानकारी दिनुभयो।

कार्यालयले प्रदेशका आठवटै जिल्लाका किसान समूह छनोट गरेको छ । ती किसान समूहमा पाँच हजार बढी किसान आबद्ध रहेको कार्यालयका सूचना अधिकृत सन्तोस प्रकाशको भनाइ छ । छनोटमा परेका समूह र त्यसमा आबद्ध किसानको सङ्ख्या र प्रस्तावनाका प्रकृतिका आधारमा अनुदान रकम दिइने कार्यालयले जनाएको छ।

रौतहटमा सबैभन्दा बढी रु ५५ करोड, सिरहामा ४०, सप्तरीमा ३१, महोत्तरीमा २६, धनुषामा २३, सर्लाहीमा १६, बारामा १४ र सबैभन्दा कम पर्सामा सात करोड करोड अनुदान दिइने छ। समूहले ल्याएका प्रस्तावमा सम्बन्धित समूहले कूल लागतको ५५ प्रतिशत र कार्यालयले ४५ प्रतिशत लगानी गर्नुपर्ने प्रावधान छ।

प्रदेशभित्रका पूर्वपश्चिम र हुलाकी राजमार्गले छोएका ८४ स्थानीयतहमा उक्त कार्यक्रम सञ्चालित छ । साना उत्पादक र कृषि मूल्य शृङ्खलामा आबद्ध किसानबीचको बजार सम्बन्धको प्रवर्द्धन तथा उद्यमशीलता विकासका लागि सहयोगी वातावरण निर्माणमार्फत ग्रामीण उद्यम विकास गर्ने आयोजनाको मुख्य उद्देश्य छ।

किसान समूहलाई दिइने अनुदानलाई कार्यालयले नवप्रवर्तन अनुदानको रूपमा परिभाषित गरेको छ। छनोट भएका समूह, संस्था र सहकारीमा आबद्ध लाभाग्राहीले प्रगति प्रतिवेदन पेस गरेपछि मात्र भुक्तानी प्रकृया अघि बढ्ने हुँदा अपेक्षित परिणाम प्राप्त हुने कार्यालयको ठम्याइ छ । अनुदान चार किस्तामा दिइने र त्यसअघिको प्रगति विवरण प्रतिवेदवन अनिवार्य हुँदा किसानले कामको परिणाम देखाउनै पर्ने प्रावधान छ।

छनोट भएका किसान समूहले पक्षीपालन, बीउ वृद्धि, भैंसीपालन, दूध डेरी, बाख्रापालन, माछापालन र बङ्गुरपालका प्रस्तावना पेस गरेका छन् । जसमध्ये सहकारी तथा वस्तुगत संस्थाले पहिलो चरणको भुक्तानी लिएर काम सुरु गरिसकेको कार्यालयले जनाएको छ।रासस

# जलेश्वरनाथ मन्दिरमा महाशिवरात्रिको भव्य तयारी

जलेश्वर । महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-१ मा अवस्थित बाबा जलेश्वरनाथ महादेवको स्थापना ‘ जलेश्वरो महालिङ्ग रुद्रेन स्थापित स्वयम्’ लेखिएको जलेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रिको पूजाको लागि भव्य तयारी गरिएको छ । नेपालीहरुको आराध्यदेव महादेवले स्वयं गर्नुभएको यस महालिङ्गको पूजाअर्चना र दर्शनका लागि यस महाशिवरात्रिमा विशेष तयारी भइरहेको महाशिवरात्रि समितिका पूजा समारोह समितिका अध्यक्ष जितेन्द्र साहले बताउनुभयो।

जमिनको सतहदेखि १६ सिँढी (भऱ्याङ) मुनि २४ घण्टा जलभित्र बिराजमान रहने बाबा जलेश्वरनाथ महादेवको पूजाअर्चना र दर्शनको लागि पूजा समितिले विशेष व्यवस्था मिलाएको छ । मन्दिरको प्राङ्गणमा रहेको महादेव, पार्वती, गणेश, हनुमानसहित अन्य सम्पूर्ण देवीदेवताको मन्दिर र सबै देवीदेवतालाई यसपटक विभिन्न रङले रङ्गरोगन गरिएको छभने चारैतिर रङ्गीचङ्गी तोरन र सजावटका सरसामानहरु लगाइएको छ। साथै, मन्दिरभरि विभिन्न आकर्षक बिजुलीबत्ती जडान गरिएको छ । बाबा जलेश्वरनाथ मन्दिरलाई दुलही झैँ सिङ्गार्ने काम तीव्र गतिमा भइरहेको छ।



बाबाका मुख्य पुजारी उपेन्द्र पाठकका अनुसार जलेश्वरनाथ महादेव साक्षात महादेव हो । यहाँ चोखो मन, वचन र कर्मले आउने भक्तजनले बाबालाई मनको दृष्टिले प्रत्यक्ष दर्शन गर्न सक्छन् । महाशिवरात्रि मेलामा चौबिसै घण्टा जलेश्वरनाथ महादेव मन्दिरमै बिराजमान रहनुहुन्छ । बाबा जलेश्वरनाथको दर्शन एवं पूजा अर्चनाका लागि यस दिनमा राति १२ बजेपछि नै विशेष पूजा गरेर सर्वसाधारणका लागि पनि मन्दिर खुल्ला गरिन्छ।

बर्सेनि टाठाबाठाबाट आउने भक्तजनलाई यस मन्दिरमा भगवान् शिवको शिवलिङ्ग दर्शन र पूजाआजाका लागि विशेष दिनको प्रतीक्षा गर्नुपर्छ । यस मन्दिरभित्र करिब २० फिटमुनि जलमा बास बसेका महादेवको दर्शन र पूजाआजा मन्दिरभित्रको जल बाहिर फ्याँकेपछि मात्रै सम्भव हुने गरेका कारण भक्तजनको दर्शन पूजालाई मध्यनजर गर्दै यसपटक विभिन्न व्यवस्थाहरु गरिएको छ । मन्दिर तथा मन्दिरको ५०० मिटर टाढासम्म शिवभक्तिका गीतसङ्गीतले जलेश्वर गुञ्जायमान बनाइएको छ।

बाबा जलेश्वरनाथ महादेवको मन्दिरमा साक्षात् शिवको बास रहेको र चोखो मन वचनले भाकल गर्नेको मनोकामना अवश्य नै पूरा हुने गरेको जनविश्वास रहिआएको वर्तमान पुजारी कामेश्वर पाठक बताउनुहुन्छ । यस मन्दिरमा महाशिवरात्रि र साउन महिनाको प्रत्येक सोमबार (साउनी मेलाभरि) र प्रत्येक महिनाको पहिलो सोमबारको दिन विशेष मेला लाग्ने गर्दछ र विशेष पूजाआजा र प्रत्यक्ष दर्शन हुने गरेको स्थानीय बासिन्दा रञ्जीत चौधरी बताउनुहुन्छ।

परापूर्वकालदेखि नै यस मन्दिरको पानी फ्याँकेर मात्रै शिवलिङ्गको दर्शन र पूजाअर्चना गराउने चलन रहेको छ । यसभित्रको पानी मोटर लगाएर पनि बाहिर फ्याँक्न सक्दैनन् । मानिसले बाल्टिनको प्रयोग गरी पानी फाल्न कोसिस गरे पनि एकै छिनमा पुनः भरिने गर्दछ । त्यसैले पटकपटक पानी फ्याँकेर भक्तजनको दर्शन गराउने गरिन्छ। यस पटक पनि महाशिवरात्रिमा भक्तजनलाई सहज तरिकाले दर्शन पूजा गराउनका लागि जिल्लामा कार्यरत नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीय युवाहरुलाई परिचालन गरिएको अध्यक्ष साहले बताउनुभयो।

यस जलेश्वरनाथ महादेवको ख्याति महोत्तरी, धनुषा, सिरहा, सर्लाही, सिन्धुलीजस्ता छिमेकी जिल्लासहित भारतको पटना, दरभङ्गा, मुजफ्फरपुर, सीतामढी, मधुवनीलगायत सहरमा पनि रहेको छ । ती स्थानहरुबाट महाशिवरात्रिको दिन बाबा जलेश्वरनाथ महादेवको दर्शन तथा पूजाआजाका लागि ठूलो सङ्ख्यामा भक्तजन आउने गर्दछन्। यस वर्ष यस महाशिवरात्रिका अवसरमा बाबा जलेश्वरनाथ महालिङ्गको दर्शन एवं पूजाअर्चना दुई लाख बढी भक्तजनले गर्ने अनुमान रहेको जलेश्वरनाथ महादेव महाशिवरात्रि महोत्सवका अध्यक्ष साहले बताउनुभयो।

जिल्लाकै सोनमा गाउँपालिका-७ मा अवस्थित बाबा मङ्गलनाथ, बर्दिबास नगरपालिका-५ मा अवस्थित बाबा टुटेश्वरनाथ र भङ्गहा नगरपालिका-५ मा अवस्थित बाबा सिद्धेश्वरनाथ महादेव मन्दिरमा पनि महाशिवरात्रि पूजाका लागि भव्य तयारी गरिएको छ । जिल्लाको चार कुनामा रहेका चारवटै महादेव पूर्व दक्षिण कुनामा जलेश्वरनाथ, पश्चिम दक्षिण कुनामा मङ्गलनाथ, उत्तर पश्चिम कुनामा टुटेश्वरनाथ र उत्तरपूर्व कुनामा सिद्धेश्वरनाथ महादेव मन्दिरमा महाशिवरात्रिमा भव्य रुपमा पूजा हुने गर्दछ।रासस

# महाशिवरात्रिः रमाइलो र आर्जनको अवसर

महोत्तरी । महाशिवरात्रि मेला मधेशमा रमाइलो र विपन्न वर्गलाई सानोतिनो व्यापारबाट आर्जन गर्ने अवसर पनि हो। यहाँ आपसी भेटघाटका लागि केही दिन पहिले नै साथीभाइ इष्टमित्रबीच ‘महाशिवरात्रि मेलामा भेटौला’ भन्ने सूचना आदानप्रदान भइराखेका हुन्छन्। झन् किशोर, वयस्कका लागि त मेला रमाइलो गर्ने थलो नै बन्छ।

यस पर्वमा विपन्न परिवारका बालबालिकाले पनि पूजा सामग्रीबाट नगद आर्जन गर्छन्। यसैले महाशिवरात्रि बालबालिकाका लागि पर्खाइको पर्व बन्ने गरेको छ । भङ्गाहा–४ पलारकी १३ वर्षीया कौशिला बाँतरले बुधबार महाशिवरात्रि पर्वको मेलामा आफ्नो बस्ती नजिकको श्री सिद्धनाथ महादेव मन्दिरअघि पूजा सामग्री बेच्न आवश्यक तयारी गरिसक्नुभएको छ। बेलपत्र, धतुराको फूल र पात एवं भाङ्गा पात खोजेर ढाकीभरेकी कौशिलाको भोलि आफ्नो मेलाखर्च र आउने होली पर्वको रङ् र मिठाइ खाने रकम यिनै पूजा सामग्री बेचेर जोहो गर्ने योजना छ।

“अपने गाम नजदिकके वनझरमें बेलके गाछ, भाङ् आ धतुर भेटगेलै” कौशिलाले भनिन् , “पाइ दक थोरबे लेव परल, जे आम्दनी होयत सब चोखे।” (आफ्नै बस्ती नजिकको झाडीमा बेलका रुख, भाङ् र धतुराका बोट भेटिए । पैसामा किनेर ल्याउनु परेको हैन, यसबाट जे आम्दानी हुन्छ, सबै आफ्नै)

कौशिलासँगै उहाँका पाँच जना साथीले पनि मेलामा बेच्न सामग्रीको जोहो गरिसकेका छन्। उर्मिला पजियारले भनिन्, “काइल त मुर्गेडाकमें मन्दिर चैलजेबै।” (भोलि त बिहान कुखुरा बासेसँगै मन्दिर पुगिन्छ) । उर्मिलाले



पछिल्ला तीन वर्षयता लगातार यसरी नै पूजा सामग्री बेचर आठ/दश हजारको जोहो गरेको सुनाउनुभयो।

भङ्गाहा-५ को श्री सिद्धनाथजस्तै बर्दिबास-५ स्थित श्री टुटेश्वरनाथ, सोनमा-७ को मगरथानास्थित मङ्गलनाथ, जलेश्वर-१ स्थित श्री जलेश्वरनाथ मन्दिर अगाडि पूजा सामग्री बेच्न वरपरका किशोरकिशोरीले आज नै सरजाम तयार गरेका छन् । “हाम्रो त गाउँ छेउमै वन छ, बेलपत्र, भाङ् र धतुरो जति पनि पाइन्छ”, बर्दिबास-५ टुटेश्वरकी १५ वर्षीया रेविया सदाले भने, “भोलि त आजको मध्यरातपछि नै भक्तजनको लाम लाग्छ, हामी राति नै मन्दिर पुग्छौं।”

महाशिवरात्रि पर्वमा बेलपत्र, भाङ्गा पात, धतुरोको फूल र पातीजस्ता सामग्री भगवान शङ्करको पूजाआराधनाका लागि विशेष सामग्री मानिन्छन् । यी सामग्री यहाँका गाउँघर र बस्ती वरपर सहजै पाइने गरेका छन्। कुनै लगानीबिना यी सामानको जोहो गर्न सकिने र मेलामा प्रसस्त बिक्री हुने भएकाले यो पर्व आर्जनको अवसर बन्ने गरेको छ।

महाशिवरात्रिमा शिवजीलाई भाण्टाको भार (बाँसको कप्टेरोमा दुईतिर एक/एकवटा भाण्टा उनीएको) चढाउने मैथिल चलन छ। भाण्टा र कप्टेरामा केही मूल्य पर्ने भए पनि अहिले थोरै मूल्यमा किनेको भाण्टाबाट भार बनाइ बेचेर राम्रै नाफा हुने गरेको छ। यसबाहेक भाण्टा खेती गर्ने किसानले पनि आम्दानी गर्ने गरेका छन्। “भाण्टा बजारमा १० रुपैयाँ किलोमा पनि बिक्दैन, एक किलो भाण्टामा चार/पाँचवटा भार बनिहाल्छन्, प्रति भार रु २०/२५ मा बेचिन्छ”, बर्दिबास-९ का भोला महतो भन्नुहुन्छ, “यसले खेतीको लागतमा केही राहत मिल्ने आस छ।”


मेलाका लागि बालबालिका र व्यवसायी मात्रै होइन अन्य युवा तथा वयस्क नागरिक पनि भक्ति र जमघटका लागि महाशिवरात्रि मेला सम्झिराखेका हुन्छन् । महाशिवरात्रिलगत्तै मिथिलाको महापर्व ‘होली’ को पक्ष सुरु हुनेहुँदा यहाँ यी पर्व रमाइलाका लागि सम्झनामा रहने बर्दिबास-२ का सीताराम तिमल्सिनाको भनाइ छ।

महाशिवरात्रि पर्व एक दिनमात्र बाँकी छँदा यहाँका शिवालय रङ्गोगन गरेर चम्काइएका छन् । जताततै शिव भजन गुञ्जिरहेका छन्। महाशिरात्रिमा यहाँ मेला (जात्रा) लाग्ने परम्परा रहेकाले सबैजसो रमाइलो र पूजाअर्चनाका लागि तयारी अवस्थामा छन् ।रासस

# एनसिसी टोलीद्वारा नेपाल सम्बन्धको चर्चा

काठमाण्डु । युवा आदानप्रदान कार्यक्रम, २०२५ मा सहभागी हुन नेपाल आएका भारत, भुटान र माल्दिभ्सका ‘राष्ट्रिय क्याडेट कोर’ (एनसिसी) टोलीद्वारा नेपालसँग देशको सम्बन्ध, पर्यटन प्रवर्द्धन र आर्थिक सम्भावनाबारे जानकारी प्रस्तुत गरेका छन्। सैनिक मुख्यालय जङ्गी अड्डामा मंगलबार आयोजित कार्यक्रममा टोलीले आ-आफ्नो देशका सांस्कृतिक, रहनसहन र वेषभूषा झल्कने गीत, सङ्गीत र नृत्यसमेत प्रस्तुत गरेका थिए।

त्यस अवसरमा देशका राष्ट्र प्रमुख र प्रधानमन्त्रीको परिचयसँगै भौगोलिक, सामाजिक, सांस्कृतिक र धार्मिक पक्षबारे पनि जानकारी दिइयो। ती देशका मुख्य-मुख्य सहर, पर्यटनसहित मुख्य पहिचान र आर्थिक सम्भावनाका क्षेत्र, जनसंख्या, राष्ट्रिय सम्पदाबारे समेत प्रस्तुति गरियो। नेपाली सेना स्थापनाको २६२औं वार्षिकोत्सव तथा महाशिवरात्रिका अवसरमा युवा आदानप्रदान कार्यक्रममा सहभागी हुन एनसिसी टोली यहाँ आएको हो। नेपाली सेनाले छिमेकी राष्ट्रका सेनासँगको आपसी सम्बन्धलाई थप सुदृढ तुल्याउन ‘क्याडेट’बीच सीप, संस्कृति र परम्पराको आदानप्रदान गर्दै आएको छ। युवा आदानप्रदान कार्यक्रमले एकापसमा सामाजिक, आर्थिक र सांस्कृतिक यथार्थहरूको बुझाइमा सहयोग पुग्ने सेनाले विश्वास लिएको छ। यस्ता कार्यक्रमले आपसी सम्बन्धलाई अझ सुमधुर एवं प्रगाढ बनाउन भूमिका निर्वाह गर्नेछ। राष्ट्रिय सेवा दल (एनसिसी)बाट प्रदान गरिने तालिम तथा प्रशिक्षणले युवालाई एकत्रित गरी बफादार, अनुशासित र जिम्मेवार नेतृत्वकर्ता तथा असल नागरिकका रूपमा रूपान्तरण गरिँदै आएको नेपाली सेनाले जनाएको छ। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेशी बिनाको मधेश अभियान

सत्ताच्यूत भएसँगै संगठन सुदृढीकरणमा लागेको नेकपा माओवादी केन्द्रले सोमबारदेखि मधेश अभियान शुरु गरेको छ। नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापाको कचनकवल गाउँपालिकाबाट प्रारम्भ भएको मधेश अभियानको उद्घाटन पार्टी अध्यक्ष समेत रहेका पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरे । अभियान उद्घाटन समारोहमा अग्रभागमा रहेका माओवादीका अध्यक्षसहितका पदाधिकारीहरु थिए । मधेश अभियानको उद्घाटनमा रहेका नेताहरु मध्ये मधेशी अनुहार देखिएन। मधेशी बिनाको मधेश अभियान कति प्रभावकारी हुने त्यो हेर्न बाँकी नै छ। मधेश अभियान अन्य दलहरुले पनि सञ्चालन गरिसकेका छन् । माओवादीले सञ्चालन गरेको अभियान र अन्य दलले सञ्चालन गरेको अभियानमा पार्टीको नाम बाहेकको अन्तर अनुहारको मात्र छ। माओवादीमा प्रचण्ड, एमालेमा केपी शर्मा ओली, कांग्रेसमा शेरबहादुर देउवा थिए । मधेश अभियानमा मधेशी अनुहार कुनै दलको पहिलो पंक्तिमा थिएन । कांग्रेस र एमालेभन्दा माओवादीको धारणा मधेशप्रति बिल्कुल फरक छैन । विभेदपूर्ण संविधान जारी गर्नेदेखि जनता समाजवादी पार्टी(जसपा)नेपाल फुटाउनेसम्म माओवादी एमाले र कांग्रेससँगै उभिएको छ। पछिल्लो लामो समय सरकारको नेतृत्व गरेका प्रचण्डले संघीयतालाई संस्थागत गरी सबल बनाउन अत्यावश्यक रहेको प्रहरी समायोजन, निजामति कर्मचारी ऐन लगायतका विषयहरुप्रति चासो लिएन । कांग्रेस र एमालेको सोचभन्दा माओवादी फरक देखिएन । मधेश र मधेशीको सवालमा ठूला दलहरुको नेतृत्वको सोच र मानसिकतामा फरक देखिदैन। कुनै दलले मधेशीलाई अग्रभागमा रहने अवसर दिएको छैन। मधेशी समुदायलाई अनेक प्रलोभन दिएर मत लिने तर नेतृत्वमा स्थान नदिने क्रम निरन्तर चल्दै अएको छ। देशको नीति निर्माण तहमा मधेशीहरुको पहुँच छैन । संघीयतालाई सवल बनाएर तराई मधेशमा समेत अवसर सृजना गर्ने तर्फ ठूला दलका नेताहरु सकारात्मक छैन । मधेश र मधेशीसित गरिने विभेदमा ठूला दलहरुबीच समन्वय र सहकार्य छ। माओवादीले मधेशको विकास गर्ने विश्वास गर्नु आफैलाई आफैले धोका दिनु हो। मधेशविरुद्ध ओली र देउवाको भूमिकाभन्दा प्रचण्डको भूमिकामा कुनै अन्तर छैन। मधेश र मधेशीलाई अधिकार विहीन राख्नेमा पचण्डको भूमिकामा कुनै अन्तर छैन। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रचण्डलाई प्रधानमन्त्री बनाउन अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । तर उनी मन्त्री भएर विदेशमा नै रहेको बेला प्रचण्डले पार्टी फुटाइ दिएर सरकारबाट समेत हटाइदिए। प्रचण्ड भरपर्दो नेता नै होइन। मधेशी अनुहार खोज्न समेत कठिन रहेको बेला माओवादीको संगठनप्रति मधेशमा माओवादीको संगठन कस्तो बन्ने ? त्यो हेर्न बाँकी छ।

# एक वहस : अहिंसावादी नेता महेन्द्र नारायण निधि



प्रफुल्ल घिमिरे

फागुन १३ गते अहिंसावादी नेता महेन्द्र नारायण निधि को १०४ औं जन्म जयन्ती । हिजो धनुषा जिल्लाको जनकपुर धाममा महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रमा डा. शशांक कोइरालाको प्रमुख अथितिमा नेपाली काँग्रेस धनुषाले र राष्ट्रपति भवन शितल निवासको सभा हलमा सम्मननिय राष्ट्रियपति श्री राम चन्द्र पौडेलज्युको प्रमुख आथित्यमा महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठान काठमाडौले जन्म जयन्ती भव्यताको साथ सम्पन्न गरेको छ।

महेन्द्र नारायण निधिजीको १०४ औ जन्म जयन्तीको अवसरमा राष्ट्रपति भवन, शीतल निवास ,काठमाडौमा महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठान द्वारा २०८१ फागुन १३ गते मंगलबार आयोजित " सम्मान तथा पुरस्कार वितरण समारोह " मा महोत्तरीका नेपाली काँग्रेसका नेता नरेन्द्र प्रसाद मिश्रालाई महेन्द्र नारायण निधि र शमा शाहीलाई प्रेम सागरी देवि निधि राष्ट्रिय पुरस्कार सम्मानिय राष्टपति श्री रामचन्द्र पौडेलज्युको करकमलबाट प्रदान गरि सम्मान गरियो । यी दुबै आयोजित कार्याक्रमा मनतव्यको क्रममा मनत्वय दिदैं निधिजीका मार्ग निर्देशन आदर्श भावलाई आत्मसात गर्न सके वर्तमान परिवेशका धेरै समस्याहरु समाधन हुने बिचारहरु वक्ताहरुले व्यक्त गरे। विचारहरु जे जस्ता आए पनि हामीले वहाँको आदर्शलाई कतिको अनुशरन गर्यौ र गरिरहेका छौ एक पटक वहाँको अनुयायीहरुले आफैले आफैलाई मुल्यांकन गर्नुपर्ने बेला आएको छ।

फागुन १३ गते अहिंसावादी नेता महेन्द्र नारायण निधिको १०४औं जन्मोत्सव नेपाली काँग्रेस धनुषाले महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्रमा भव्यताका साथ मनायो। बिधि , बिधान , नीति, निर्देशन , अनुशासनको धज्जी उडाउने सामर्थ्यबान नेतृत्व एवं कार्यकर्ताहरुको बिगबिगी रहेको काँग्रेसिहरुमा विधि बिधान , अनुशासन एवं आदर्श प्रति निष्ठावान रहेका आदर्श पुरुष महेन्द्र नारायण निधिको यस जन्मोत्सवको अवसरमा केही गुण मात्र अम्ल गर्ने प्रण गरे यिनका प्रति सच्चा श्रद्धाञ्जली दिएको ठहरिनेछ।

**अतः यी आदर्श पुरुष प्रति पुष्परुपि केही शब्दहरुद्वारा भावपूर्ण श्रद्धाञ्जली !**

नेपाली लोकतान्त्रिक आन्दोलनका एक युग पुरुष । धैर्य , संयम , समर्पण , नैतिक आदर्श र निष्ठाका असाधरण मानव । जल्ले लोकतन्त्रका लागि राणाकालिण निरकुंश जहाँनिया शाशनको विरुद्धमा शशस्त्र क्रान्ति देखि लिएर पञ्चायती निरंकुश तानाशाही शासन ब्यबस्थाका विरुद्धमा अहिंसावादी आन्दोलनको मार्गबाट मुलुकमा लोकतन्त्र ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गरे । इमानदारीता, प्रतिबद्धता , त्याग , समर्पण एंव सादगिका प्रतिमुर्ति नेपाली लोकतान्त्रिक संघर्ष ईतिहासका एक अथक योद्धा निधिको लोकतन्त्र प्रतिको आस्था बिचार र सिद्धान्तले गर्दा नाउँको मात्र निधि नभएर लोककतन्त्रकै निधि बन्न पुगेका एक अथक योद्धा महेन्द्र नारायण निधि प्रति हार्दिक श्रद्धा सुमन।

२०८० असोज ८ गते नेपालका सम्मानिय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्युद्वारा २३ वर्ष देखि विभिन्न आरोह अवरोधहरु खेप्दै निर्माण कार्य सम्पन्न गरिएको महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्रको सभा हल जनकपुर धाम उप महानगर पालिकाद्वारा नागरिक अभिनन्दन गरेर शुभारम्भ भएको छ।

२०५७ साल बैशाख सम्भवत २१ गते का दिन गाँधिवादी नेता महेन्द्र नारायण निधिज्यूका अर्द्धाङ्गणी प्रेमसागरि देवी निधिज्यूद्वारा महेन्द्र नारायण निधि एवं कृष्ण प्रसाद् कोइराला मिथिला साँस्कृतिक केन्द्रको शिलान्यास गरिएको थियो। नेपाल सरकारले छुट्टाएको रकमलाई कट्टा गरेर कृष्ण प्रसाद कोइरालाको नाउमा बिराटनगरमा छुट्टै सभा हल निर्माण गर्ने निर्णय गर्यो। कृष्ण प्रसाद कोइरालाको नाउमा रहेको प्रतिष्ठान बिना अवरोध , बिना बजेटको अभावमा निकै वर्ष पहिला नै कार्य सम्पन्न भएर सञ्चालनमा आइसकेको छ। तर महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक प्रतिष्ठानले निकै अवरोध तथा बजेटको अभावमा बल्ल २३ वर्ष पछि आएर कार्य सम्पन्नता गरे पश्चात् उक्त सभा हलको नेपालका राष्ट्रपतिको अभिनन्दन कार्यक्रमद्वारा शुभारम्भ भएको हो।

प्रारम्भिक चरणमा लगभग १० लाख रकम छुट्टाइ नेपाल सरकारका एनसिसिएन कम्पनीलाई कामको जिम्मेवारी दिइएको थियो। यसवेला शहरी विकास डिभिजन कार्यालय का प्रमुख जगदीश साह थिए। पछि उक्त कम्पनी ठेक्कदारले हर्जानाको दावी गर्दा विवाद उत्पन्न भएर उक्त कार्य शहरी विकास डिभिजनको मातहत रहन गयो । यतिबेला जलेश्वरबाट सरुवा भएर आएका उक्त कार्यलयका प्रमुख सम्पत घिमिरेको विशेष पहलमा बहु वर्षिय योजना अन्तरगत लगभग साढे सात करोड ठेक्का लाग्यो। तर रकमहरु अप्रयाप्त गरेर बर्षे पिछ्छे आउँदा कामहरू पनि टुक्राटुक्रा मा हुन थाल्यो। साँस्कृतिक केन्द्रको निर्माण कार्यकालागि यस समयमा रहेका विभिन्न सरकारहरुको सोच सकारात्मक भएन । यी कुरा २३ वर्ष पछी कार्य सम्पन्नता भएको कुराले नै पुष्टि गर्दछ। वर्षे पिछे कम रकम विनियोजन गर्नुले समयमा नै कार्य सप्पन्न गर्न तर्फ रुचि नदेखिएको कुरा यति वर्ष पछि महेन्द्र नारायण निधि मिथिला साँस्कृतिक केन्द्र शुभारम्भ हुनुले नै छर्लङ्ग छ। लोकतान्त्रिक आन्दोलनका एउटा स्तम्भ अहिंसावादी गान्धीवादी नेताको नांउमा रहेको मिथिला साँस्कृतिक केन्द्रको शुभारम्व हुन लगभग २३ वर्ष लाग्यो भने अरु योजनाहरुको के हविगत होला सोचनिय विषय हो। खैर

नेपाली लोकतान्त्रिक आन्दोलनका एक युग पुरुष । धैर्य ,संयम ,समर्पण , नैतिक आदर्श र निष्ठाका असाधरण मानव । जल्ले लोकतन्त्रका लागि राणाकालिण निरकुंश जहाँनिया शाशनको विरुद्धमा शशस्त्र क्रान्ति देखि लिएर पञ्चायती निरंकुश तानाशाही शासन ब्यबस्थाका विरुद्धमा अहिंसावादी आन्दोलनको मार्गबाट मुलुकमा लोकतन्त्र ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गरे । इमानदारीजता, प्रतिबद्धता ,त्याग , समर्पण एंव सादगिका प्रतिमुर्ति नेपाली लोकतान्त्रिक संघर्ष ईतिहासका एक अथक योद्धा निधिको लोकतन्त्र प्रतिको आस्था बिचार र सिद्धान्तले गर्दा नाउँको मात्र निधि नभएर लोककतन्त्रकै निधि बन्न पुगेका एक अथक योद्धा महेन्द्र नारायण निधिको नाउँमा रहेको महेन्द्र नारायण निधि मिथिला सांस्कृतिक केन्द्रको निर्माण कार्य सम्पन्न भइ वर्तमान सरकारको समयावधिमा नेपालका राष्ट्रपति सम्मानिय श्री राम चन्द्र पौडेलज्यूलाई उक्त केन्द्रका सभा हलमा अभिनन्दन गरेर शुभारम्भ गरिनु सुखद एवं स्वागत योग्य नै रहयो

बि.स. २००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसबाट राजनीति शुरूवात गरेका यिनले जिवनका अन्तिम क्षण (२०५६ बैशाख २० गते) सम्म आफ्ना मुल्य मान्यतामा दृढ रहि लोकतन्त्रका लागि निष्ठा पुर्वक सम्पुर्ण जीवनलाई समर्पण गरे।

२००७ सालको स-शस्त्र क्रान्ति देखी लिएर निरन्तर रूपमा लोकातन्त्र प्राप्तिका संघर्षमा होमिएका निधि गान्धीको बिचारबाट प्रेरित भएर बि. स. २०१८ साल देखि अहिसावादी आन्दोलनको नेतृत्व गर्दै आफ्नै बिचार र अडानका साथ २०४६ सालको शान्ति पुर्ण जन आन्दोलन सम्म आईपुग्दा महत्वपूर्ण नेतृत्वदायी भुमिका निर्वाह गरेका थिए।

अहिंसावादी आन्दोलनको माध्यमबाट हिमाल ,पहाड ,तराई मधेसका सम्पुर्ण नेपाली जनतालाई अधिकार सम्पन्न नेपाली नागरिक बनाउने राजनीतिको अलावा उनको न त कुनै अकांक्षा थियो न त कुनै सपना । पाँच दशक भन्दा ज्यादा समय सम्म राजनीतिमा लागेका निधि जीवनका अन्तिम क्षण सम्म राष्ट्रियता,प्रजातन्त्र ,र समाजवादलाई कार्यन्वयन गराउने अहिंसावादी आन्दोलनका पक्षधर राष्ट्रवादी, देशभक्त ,कर्मबिर योद्धा थिए। अहिंसाबादी प्रिय बन्न पुगेका निधि जिवनको एउटा स्थापित मान्यता हुन।

जब इतिहासले आफ्नो पानामा सुनौलो अक्षरले महेन्द्र नारायण निधिलाई उल्लेख गर्नेछ तब उनका हरेक गतिविधिलाई राष्ट्रियता, राष्ट्रभक्तिको अनुपम उदाहरण मानेर अहिंसाबादी आन्दोलनको ब्याख्या गर्नेछ । उनले उठाएका बिषय नागरिकताको समस्या होस चाहे समानता पुर्ण गर्नुपर्ने बिकास निर्माण को। या फेरि मित्र राष्ट्र भारतको साथ मित्रताको सम्बन्धमा होस वा विभेद पुर्ण रहेका मुलुकका नागरिकलाई राष्ट्रसंग मुल प्रवाहमा जोडने बिषयमा यिनी स्पष्ट थिए।

बहुभाषिक , बहु संस्कृति र भौगोलिक विविधताले सम्पन्न नेपाल तब सम्म पूर्ण नेपालको रुपमा परिभाषित हुन सक्दैन जब सम्म हिमाल ,पहाड ,तराई मधेस लगायत विभिन्न उपेक्षित क्षेत्रलाई नेपाल मानिदैन। तराई मधेस ,पहाड र हिमालको अस्तित्व बिना नेपालको राष्ट्रिय एकता बलियो हुन सक्दैन भन्ने उनको स्पष्ट धारणा थियो ।

मुलुकको अत्यन्त संबेदनसिल एंव उपेक्षित क्षेत्रहरुको असन्तुष्टि आक्रोश एंव बिद्रोहको भावना उनको नेतृत्वको परिपक्क सक्षमता ले गर्दा गलत मार्गमा डोरिएका थिएनन् ।

उनले जति पनि आफ्ना बिचारहरु प्रस्तुत गरे राष्ट्रिय मुद्दाहरु राखे त्यो सबै राष्ट्रियता, लोकतन्त्र , समाजवादको मार्गमा राष्ट्रिय एकता र अखंडतालाई मजबुत गर्न राष्ट्रियताको भावना जागृत गर्ने दिशामा उठाइएका सकारात्मक पाइलाहरु थिए ।

नेपालको प्रजातान्त्रिक आन्दोलनका एउटा प्रमुख हस्तीका रुपमा स्थापित हुन पुगेका महेन्द्र नारायण निधि बुवा राजेश्वर निधि र आमा श्रींगारमणी देबिको कोखवाट माहिलो संतानका रूपमा बि.स.१९७८ फागुन १३ गते फागुन कृष्ण द्ववादसिका दिन नगराइन गाउँमा जन्मेका थिए।

सम्पन्न परिवारमा जन्म लिएका निधिका बुवा राजेश्वर निधिको राणा शाशक वर्गसंग राम्रै संबध रहेको थियो। त्यस क्षेत्रका मानिसहरूले जमिन्दारको रुपमा चिन्दथे।

राणाकालिण अवस्थामा प्रचुर मात्रामा बिधालयहरु खोलिएका थिएनन् । जे जति मात्रामा खोलिएका थिए ती बिधालयहरुमा राणाका, ठुलाबडाका छोरा नातिहरु मात्र पढ्न पाउंथे। यस विषम अवस्थामा यिनले घरमै शिक्षाको ज्ञान प्राप्त गरे। जिज्ञासु स्वभावका यिनले रामायण ,महाभारत ,श्रीमद्भागवत गीता, दुर्गा सप्तशती ,अन्य शास्त्र तथा किताबहरुका अध्यन गरेका थिए । भारतमा भइरहेको स्वाधीनता सङ्ग्रामको सम्बन्धमा पनि यिनले राम्रै रुचिका साथ अध्यन गरिरहेका थिए।

यिनी किशोर अवस्थामा कामको शिलाशिलामा काठमाडौ जादा बि.स. २००२ सालतिर सिंह दर्वारबाट पुतली सडकको बिच बाटो भएर हिडेका कारण प्रहरिवाट बेस्सरी चुटाइ खाएका थिए । चुटाइले गर्दा एकतन्त्रीय राणा शासनको विरुद्ध बिद्रोहको भावना यिनमा जागृत भयो।

बि.स.२००३ सालमा नेपाली राष्ट्रिय काँग्रेसका सभापति मातृकाप्रसाद कोइरालाबाट सदस्यता लिए पछि यिनी केन्द्रिय समितिको आमन्त्रित सदस्य बन्न पुगे ।

सदस्यता ग्रहण गरेर युवाहरुको सहयोगमा संकिर्तन मण्डली गठन गरि तराई मधेसको गाउँ गाँउमा धार्मिक कार्यक्रमका माध्यमबाट संगठन बिस्तार गर्दै राणा शासनको बिरुद्ध जन जागरण अभियानमा लागे ।

नेपाली राष्ट्रिय काँग्रेसको जोगबनीमा बैठक बस्यो। उक्त बैठकले २००४ बैशाख १ गते देखि देश ब्यापी रूपमा सत्याग्रह गर्ने निर्णय गर्‍यो ।

सत्याग्रह आन्दोलनको प्रचार कै सिलसिलामा जनकपुरका सिमावर्ती भारतिय क्षेत्रहरूमा जनसभाहरु भइरहेको थियो। यस्तै एउटा जनसभा सकेर नेताहरुलाई जनकपुर रोड रेल्वे स्टेसनबाट बिदा गरेर फर्कदा बि.स. २००४ साल कात्तिकमा महेन्द्र नारायण निधि ,सरोज कोइराला लगायतका साथीहरू सहित मठिहानिबाट पक्राउ परि जलेश्वर कारावासमा थुनिए ।

बि.स. २००७ आश्विन १० र ११ गते भारतको बिहारको बैरगिनिया भएको नेपाली काँग्रेसको सम्मेलनले स-शस्त्र क्रान्ति गर्ने निर्णय गर्यो।

२००७ सालको क्रान्तिमा मुक्ति बाहिनी सेनाले जनकपुरलाई आफ्नो कब्जामा लियो। तत्कालीन महोत्तरीको (धनुषा, महोत्तरी , सर्लाही ) जन सरकार गठन भयो। जन सरकारमा प्रधानमन्त्री महेन्द्र नारायण निधि ,मन्त्रीहरुमा सरोज प्रसाद कोइराला , बोध प्रसाद उपाध्याय , दिगम्बर झा, इन्द्र बहादुर मल्ल र जन सरकार सचीवमा युगेश्वर प्रसाद बर्मा, सुरक्षा (प्रहरी) प्रमुखमा निर्गुन यादव , गुप्तचर बिभाग प्रमुखमा सरयुग चौधरी भएका थिए।

बि.स. २००८ र २००११ मा दुई पटक सल्लाहकार सभामा निधिजि सदस्य भए। २००८ सालमै महोत्तरी जिल्लाका सभापतिमा निर्वाचित भएका यिनी बि.स.२०१० साल सम्म जिल्ला सभापति रहे। बि.स. २००९ साल जेठ १०,११ र १२ गते नेपाली काँग्रेसले जनकपुरधाममा नेपाली काँग्रेसको पाचौं महाधिवेशन गर्ने निर्णय गर्यो। निधिजिको अध्यक्षतामा ५१ सदस्यीय सरोजप्रसाद कोइराला सेक्रेटरी रहेका पाँचौ महाधिवेशन तयारी समिति गठन भयो। उक्त महाधिवेशनका उनी स्वागताध्यक्ष रहेका थिए। बि.स. २००९ असार ६ गते बिपि कोइरालाले केन्द्रिय कार्यसमिति र संसदीय समितिको गठन गरे। उक्त संसदीय समितिमा सेक्रेटरीमा महेन्द्र नारायण निधि र सदस्यहरुमा मातृकाप्रसाद कोइराला , सुवर्ण शमशेर , सुर्य प्रसाद उपाध्याय र राममेश्वर प्रसाद सिंह रहेका थिए।

